लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
# शिक्षा तथा सामाजिक विकास निर्देशनालय
राप्ती उपत्यका (देउखुरी), दाङ, नेपाल

लुम्बिनी प्रदेश सरकार सामाजिक विकास मन्त्रालय शिक्षा तथा सामाजिक विकास निर्देशनालय राप्ती उपत्यका। देउखुरी। नेपाल

प.सं :- २०८०/८१

मिति : २०८०।०४।१७

च.नं :-

(प्रथम पटक सूचना प्रकाशित मिति २०८०।०४।१७)

**विषय: प्रस्तावना पेश गर्ने सम्बन्धी सूचना**

यस निर्देशनालयको आ.व. २०८०।८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार शैक्षिक पहुँच तथा गुणस्तर सुधार प्रयोजनका लागि पूर्वाधार निर्माण तथा अन्य शैक्षिक कार्यक्रम उपलब्ध गराउने कार्यक्रम अन्तरगत सामुदायिक विद्यालयहरुका लागि निम्न लिखित पूर्वाधार निर्माणका कार्यक्रम सञ्चालनका लागि यो सूचना प्रकाशित गरिएको छ । कार्यक्रम सञ्चालन गर्न चाहने यस प्रदेश भित्र सञ्चालित सामुदायिक विद्यालयहरुले निम्न लिखित कागजात सहित यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिन भित्र सम्बन्धित सामाजिक विकास डिभिजन कार्यालयमा प्रस्ताव पेश गर्नुहुन अनुरोध छ । एक भन्दा बढी कार्यक्रम माग गर्ने विद्यालयले अलग-अलग प्रस्ताव पेश गर्नुपर्ने छ । म्याद नाघि आएका प्रस्ताव उपर कुनै कारवाही नहुने व्यहोरा समेत अनुरोध छ ।

**कार्यक्रमहरु**

१. सामुदायिक विद्यालयहरुमा कक्षा कोठा निर्माण ।
२. सामुदायिक विद्यालयहरुमा शौचालय निर्माण ।
३. सामुदायिक विद्यालयहरुमा कम्पाउण्डवाल (पर्खाल) निर्माण ।
४. विद्यालयमा स्वच्छ खानेपानी व्यवस्था ।
५. विद्यालय मर्मत तथा भौतिक सुधार ।
६. धार्मिक विद्यालयहरुमा पूर्वाधार सहयोग ।

**निवेदन सहित संलग्न गर्नु पर्ने कागजातहरु**

१. प्रस्तावना पत्र
२. विद्यालय ब्यवस्थापन समितिको अध्यक्ष र प्रधानाध्यापकबाट प्रमाणित अद्यावधिक विद्यालय सुधार योजना
३. कार्यक्रम माग सम्बन्धमा विद्यालय ब्यवस्थापन समिति बैठकको निर्णयको प्रमाणित प्रतिलिपि
४. आ व २०७८/७९ को लेखा परीक्षण प्रतिवेदन
५. आ व २०७८।७९ को सामाजिक परीक्षण प्रतिवेदन
६. २०८० सालको कक्षागत विद्यार्थी सहितको एकिकृत तथ्याङ्कको प्रतिलिपि
७. विद्यालय ब्यवस्थापन समिति गठन भएको आधिकारिक निर्णय प्रतिलिपि
८. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र
९. धार्मिक विद्यालयको हकमा धार्मिक विद्यालयको नाममा रहेको जग्गाको लालपुर्जा र सम्बन्धित निकायबाट प्रदान गरिएको विद्यालय सञ्चालनको अनुमतिपत्र

*(पुनश्चः विद्यालय ब्यवस्थापन समिति गठन नभएको र २०८० सालको तथ्याङ्क अद्यावधिक नगरेका विद्यालयहरुलाइ कार्यक्रममा समावेश गरिने छैन। प्रस्तावको ढाँचा यसै साथ संलग्न गरीएको छ।)*

( यम बहादुर के.सी. )
नि. निर्देशक

**बोधार्थ**

**श्री सामाजिक विकास मन्त्रालय, लुम्बिनी प्रदेश, राप्ती उपत्यका (देउखुरी)** : उल्लेखित सूचना त्यहाँको वेब साइटमा समेत प्रकाशन गरिदिनु अनुरोध छ।

**श्री सामाजिक विकास डिभिजन कार्यालय, रुपन्देही/कपिलवस्तु/पाल्पा/प्यूठान/दाङ/बाँके** : उल्लेखित सूचना तहाँको वेब साइटमा

## सामुदायिक विद्यालयमा कक्षाकोठा निर्माण, शौचालय निर्माण, कम्पाउण्डवाल (पर्खाल) निर्माण, स्वच्छ खानेपानी व्यवस्था, विद्यालय मर्मत तथा भौतिक सुधार र धार्मिक विद्यालयहरुमा पूर्वाधार सहयोग अनुदानका लागि प्रस्तावको ढाँचा

**प्रस्तावको ढाँचा**

**१. विद्यालयको संक्षिप्त चिनारी**

**२. विद्यालयको भौतिक अवस्था**

क) क्षेत्रफल: ......... (लालपूर्जा वा स्थानीय तहबाट भोगाधिकार लिएको पत्र समेत संलग्न गर्ने)

ख) भवन संख्या :

ग) कोठा संख्या : १. कक्षाकोठाको रुपमा प्रयोग भएको संख्या

२. पुस्तकालयको रुपमा प्रयोग भएको संख्या

३. प्रयोगशालाको रुपमा प्रयोग भएको संख्या

४. कार्यालयको रुपमा प्रयोग भएको संख्या

५. सभाहलको रुपमा प्रयोग भएको संख्या

घ) शौचालयको अवस्था : छात्र/छात्रा/स्टाफको लागि अलग –अलग छ वा छैन, कति क्षमताको छ (सरदर कति विद्यार्थीले प्रयोग गर्दै आएका छन), वास सुविधा सहितको छ वा छैन खुलाउने

ङ) कम्पाण्डवाल : विद्यालयले चर्चेको क्षेत्रफल खुलाउने, विद्यालयले कति लगाएको छ वा छैन वा कति बाँकी छ, कच्ची/पक्की के छ खुलाउने

च) खानेपानीको अवस्था : हाल विद्यालयमा उपलब्ध पानीको स्रोत धारा/ट्यूबवेल/इनार/अन्य, पानी सञ्चय गर्न ट्याङ्कीको ब्यबस्था छ/ छैन, छ भने कति क्षमताको छ ? स्रोतबाट ट्याङ्कीमा पानी तान्न मोटरको ब्यबस्था छ/ छैन? छ भने कति क्षमताको छ ? ट्याङ्कीको पानीलाइ पिउन योग्य बनाउन फिल्टरको ब्यबस्था छ/छैन ? छ भने प्रति घण्टा कति लिटर क्षमताको छ ? खुलाउने

छ) खेल मैदान : क्षेत्रफल, प्रयोगयोग्य भए/नभएको

ज) पुस्तकालयको अवस्था

झ) अन्य केही भए उल्लेख गर्ने

**३. विद्यार्थी विवरण** : जम्मा सञ्चालित कक्षा, कक्षागत, छात्र/छात्रा सहित सम्बन्धित स्थानीय तहको शिक्षा शाखाबाट प्रमाणित हुनुपर्नेछ।

| कक्षा | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ......... | | | |
| जम्मा विद्यार्थी | | | |

**४. शिक्षक विवरण**: तहगत,स्वीकृत दरबन्दी, राहत, अनुदान, निजी श्रोत (सबै शिक्षकको विवरण शैक्षिक योग्यता सहित)

**५. विद्यालय व्यवस्थापन समिति**, शिक्षक अभिभावक संघ गठन सम्बन्धी विवरण

६. **आ.व. २०७५/७६ देखि २०७९/८० सम्ममा नेपाल सरकार/प्रदेश सरकार/स्थानीय तहबाट उपलब्ध अनुदान र सो अनुदानबाट सम्पन्न भएको विवरण :**

| आ.व. | कार्यक्रम उपलब्ध गराउने निकाय | उपलब्ध भएको कार्यक्रम | उपलब्ध गराइएको रकम | सम्पन्न भएको काम | कैफियत |
|---|---|---|---|---|---|
| २०७५।७६ | १.<br>२.<br>३. | १.<br>२.<br>३. | १.<br>२.<br>३. | | |
| २०७६।७७ | १.<br>२.<br>३. | १.<br>२.<br>३. | १.<br>२.<br>३. | | |
| २०७७।७८ | १.<br>२.<br>३. | १.<br>२.<br>३. | १.<br>२.<br>३. | | |
| २०७८।७९ | १.<br>२.<br>३. | १.<br>२.<br>३. | १.<br>२.<br>३. | | |
| २०७९।८० | १.<br>२.<br>३. | १.<br>२.<br>३. | १.<br>२.<br>३. | | |

(विद्यालयले आफ्नै पहलमा अन्य स्रोत जुटाइ सम्पन्न गरेको भए सो समेत उल्लेख गर्ने)

**७. माग गरेको प्रस्तावित कार्यक्रम:**

**८. माग गरेको कार्यक्रमको उद्देश्य र औचित्यताको पुष्टयाई:**

**९. अनुमानित लागत:**

**१०. स्रोत व्यवस्थापन:**

**११. कार्य योजना:**

**१२. अपेक्षित नतिजा:**

**१३. निष्कर्ष:**

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
# शिक्षा तथा सामाजिक विकास निर्देशनालय
(राप्ती उपत्यका) देउखुरी, दाङ, नेपाल

प.सं.: २०८०/८१
च.नं.:

लुम्बिनी प्रदेश सरकार सामाजिक विकास मन्त्रालय शिक्षा तथा सामाजिक विकास निर्देशनालय राप्ती उपत्यका। देउखुरी। नेपाल

मिति : २०८०/०४/१७

**विषयः सामुदायिक क्याम्पसहरुलाई प्रस्तावना पेश गर्ने सम्बन्धी सूचना !**

प्रस्तुत विषयमा यस निर्देशनालयको यस आ.व. २०८०।०८१ को वार्षिक कार्यक्रम अनुसार लुम्बिनी प्रदेश भित्र सञ्चालित सामुदायिक क्याम्पसहरुलाई प्रस्तावना पेश गरेको आधारमा **सामुदायिक क्याम्पसहरुको पुर्वाधार विकास तथा गुणस्तर सुधार कार्यक्रमका** लागि अनुदान उपलब्ध गराउने कार्यक्रम रहेकोले यस प्रदेश भित्र सञ्चालित सामुदायिक क्याम्पसहरुले कार्यक्रमको बिस्तृत विवरण र कार्यान्वयन योजना सहित सञ्चालक समितिको निर्णय समेत संलग्न गरि निम्न ढाँचामा रहि सूचना प्रकाशित भएको ३० दिन भित्र सम्बन्धित सामाजिक विकास डिभिजन कार्यालयहरुमा प्रस्ताव पेश गर्नु हुन जानकारी गराइन्छ । म्याद नाघि आएको प्रस्ताव उपर कुनै कारवाही नहुने व्यहोरा समेत अनुरोध छ।

**प्रस्तावनाको ढाँचा**

१. क्याम्पसहरुको सङ्क्षिप्त पृष्ठभूमि सहितको निम्न लिखित विवरण संलग्न भएको क्याम्पस सुधार योजना

क) क्याम्पसको सङ्क्षिप्त चिनारी

ख) भौतिक अवस्था, क्षेत्रफल, भवन संख्या, कक्षा कोठा संख्या, खानेपानीको अवस्था, शौचालयको अवस्था, खेल मैदान, कम्पाउण्ड वाल, पुस्तकालय, प्रयोगशाला, विद्यार्थी परिवहन साधन, अन्य

ग) क्याम्पस व्यवस्थापन सम्बन्धी अवस्थाः सञ्चालक समिति/विषयगत समिति/अन्य समिति

घ) विद्यार्थी सङ्ख्याः संकायगत र तहगत (दलित/मुस्लिम/अल्पसङ्ख्यक जनजातिको विवरण)

ङ) पूर्णकालिन तथा आंशिक शिक्षकहरुको विवरण

च) गत विगत तीन आ.व. मा प्रदेश सरकारबाट उपलब्ध गराइएको अनुदान/सहयोग/ भए सोको वास्तविक प्रगति र प्रतिफल सम्बन्धी विवरण

| कार्यक्रमको नाम | प्रदेश सरकारबाट उपलब्ध रकम | प्रगति | प्रतिफल (Output) | कैफियत |
|---|---|---|---|---|
| कक्षाकोठा निर्माण | | | | |
| शौचालय | | | | |
| कम्पाउण्ड वाल | | | | |
| ई. पुस्तकालय | | | | |
| प्रयोगशाला | | | | |
| फर्निचर | | | | |
| अन्य | | | | |

२. प्रस्तावनाको उदेश्य

३. प्रस्तावनामा माग गरेको कार्यक्रमः कक्षा कोठा निर्माण/ अधुरो भवन निर्माण/ भवन मर्मत/ प्रयोगशाला/ पुस्तकालय/ कम्पाण्ड वाल / शौचालय/ खानेपानी/ अन्य के हो खुलाउने।

नि. निर्देशक

४. कार्य योजना

५. अनुमानित लागत

६. स्रोत व्यवस्थापन

७. विद्यार्थीको उच्च शिक्षामा पहुँच सुनिश्चितता तथा गुणस्तर अभिवृद्धिका लागि कार्य योजना

८. अपेक्षित उपलब्धी

९. अपेक्षित प्रतिफल सूचक

१०. जोखिम

११. निष्कर्ष

<u>प्रस्ताव साथ संलग्न गर्नु पर्ने कागजातहरु</u>

क) क्याम्पस सञ्चालक समितिको निर्णय,

ख) लेखा परीक्षण प्रतिवेदन,

ग) पूर्णकालिन शिक्षकको नियुक्तिको छाँयाप्रति,

घ) क्याम्पसको जग्गाको लालपुर्जा वा भोगाधिकार पाएको भए सो सम्बन्धी पत्र।

..........................................

(यमबहादुर के.सी.)

नि.निर्देशक

<u>बोधार्थ</u>

**श्री सामाजिक विकास मन्त्रालय, लुम्बिनी प्रदेश, राप्ती उपत्यका (देउखुरी)** उल्लेखित सूचना तहाँको वेव साइटमा समेत प्रकाशन गरिदिनु हुन अनुरोध छ।

**श्री सामाजिक विकास डिभिजन कार्यालय, रुपन्देही/कपिलवस्तु/पाल्पा/प्यूठान/दाङ/बाँके :** उल्लेखित सूचना तहाँको वेव साइटमा समेत प्रकाशन गर्नुका साथै विधिबत रुपमा प्राप्त हुन आएका प्रस्ताव दर्ता गरि राख्नु हुन।

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
# शिक्षा तथा सामाजिक विकास निर्देशनालय
(राप्ती उपत्यका) देउखुरी दाङ, नेपाल

प.सं.: २०८०/८१
च.नं.:

लुम्बिनी प्रदेश सरकार सामाजिक विकास मन्त्रालय शिक्षा तथा सामाजिक विकास निर्देशनालय राप्ती उपत्यका। देउखुरी। नेपाल

प्रथम पटक सूचना प्रकाशित मिति : २०८०/०४/१७

**विषयः बालमैत्री विद्यालय निर्माण अनुदानका लागि प्रस्तावना पेश गर्ने सम्बन्धी सूचना !**

प्रस्तुत विषयमा यस निर्देशनालयको चालु आ.व. २०८०।०८१ को वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत **बालमैत्री विद्यालय निर्माणका** लागि सहयोग उपलब्ध गराउने कार्यक्रम रहेकोले यस प्रदेश भित्र सञ्चालित सामुदायिक विद्यालयहरुले यो सूचना प्रकाशित भएको ३० दिन भित्र तपसीलको कागजात र कार्ययोजना निर्माण गरी व्यवस्थापन समितिको निर्णय सहित सम्बन्धित सामाजिक विकास डिबिजन कार्यालयहरुमा प्रस्ताव पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद पछि प्राप्त हुने प्रस्ताव उपर कुनै कारवाही नहुने व्यहोरा समेत अनुरोध छ।

**प्रस्तावनाको ढाँचा**

१. विद्यालयको संक्षिप्त चिनारी
२. विद्यालयको भौतिक अवस्था
   क) क्षेत्रफल, भवन, कक्षा कोठा र फर्निचर
   ख) खेल मैदान
   ग) कम्पाउण्ड वाल
   घ) खाने पानी
   ङ) शौचालयको अवस्था (छात्र/छात्रा)
   च) प्रयोगशालाको अवस्था
   छ) अन्य ..........
३. विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ गठन भए/नभएको
४. कक्षागत रुपमा विद्यार्थी संख्या (छात्र/छात्रा सहित) विवरण
५. शिक्षक संख्या विवरण (तहगत)
६. गत विगत आ.व. मा प्रदेश सरकारबाट बालमैत्री विद्यालय व्यवस्थापनका लागि अनुदान पाएको भए उपलब्ध अनुदान

| आ.व. | उपलब्ध गराइएको रकम | सम्पन्न भएको काम | कैफियत |
|---|---|---|---|
| २०७५/७६ | | | |
| २०७६/७७ | | | |
| २०७७/७८ | | | |
| २०७८/७९ | | | |
| २०७९/८० | | | |

७. प्रस्तावनाको उदेश्य
८. बजेटबाट कक्षा १ देखि ३ सम्मको कम्तिमा एउटा कक्षाकोठालाई बालमैत्री बनाउन बालमैत्री विद्यालय स्थापनाको लागि रु ५ लाख बाट गर्न सक्ने कार्य/ खरिद गरिने सामाग्रीको सूची (अनुमानित लागत सहित) पेश गर्ने।

**बजेट खर्चका क्षेत्रहरुः-**

- शिक्षण र सिकाई सामग्री :- स्मार्ट टिभी/स्मार्ट वोर्ड, सिकाईकिट आदि।

नि. निर्देशक

- वातानुकुलीत बसाई/कक्षा कोठा व्यवस्थापन :- फ्लोर पार्केटिङ, कार्पेटिङ, कुसन, पर्दा, झ्याल ढोका मर्मत, भित्ता सिलिङ रंगरोगन, लो ह्वाइट वोर्ड, वाटर फिल्टर, विद्यार्थीको उचाई अनुसारका फर्निचर व्यवस्था आदि ।

९. कार्य योजना प्रतिफल सुचक सहित

१०. अपेक्षित नतिजा

११. जोखिम

१२. निष्कर्ष

<u>**प्रस्ताव सहित संलग्न गर्नु पर्ने कागजातहरुः**</u>

क) विद्यालयको निवेदन पत्र

ख) विद्यालय व्यवस्थापन समिति गठन भएको आधिकारिक निर्णय प्रति

ग) कार्यक्रम माग सम्बन्धमा वि.व्य.स. को निर्णय प्रति

घ) २०८० सालको एकिकृत शैक्षिक तथ्याङ्कको प्रमाणित विद्यार्थी विवरण

ङ) बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप, २०६७ शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेवसाइट www.cehrd.gov.np बाट प्राप्त गर्न सकिने छ ।

च) आ.व. २०७८/७९ को लेखा परीक्षण र सामाजिक परीक्षणको प्रतिवेदन

(यमबहादुर के.सी.)
नि.निर्देशक

लुम्बिनी प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

# शिक्षा तथा सामाजिक विकास निर्देशनालय

राप्ती उपत्यका (देउखुरी), दाङ, नेपाल

लुम्बिनी प्रदेश सरकार सामाजिक विकास मन्त्रालय शिक्षा तथा सामाजिक विकास निर्देशनालय राप्ती उपत्यका (देउखुरी), नेपाल

प.सं :- २०८०/८१

मिति : २०८०।०४।१७

च.नं :-

(प्रथम पटक सूचना प्रकाशित मिति २०८०।०४।१७)

**बिषय: सामुदायिक खेलमैदान /कभर्डहल तथा अन्य खेलकुद संरचनाको निर्माण तथा स्तरोन्नतिका लागि प्रस्तावना पेश गर्ने सम्बन्धी सूचना**

प्रस्तुत विषयमा यस निर्देशनालयको आ.व. २०८०।०८१ को स्वीकृत वार्षिक कार्यक्रममा **सामुदायिक खेलमैदान /कभर्डहल तथा अन्य खेलकुद संरचनाको निर्माण तथा स्तरोन्नति** गर्ने कार्यक्रम रहेकाले यस प्रदेश भित्रका इच्छुक पालिका तथा खेलकुद सँग सम्बन्धित संघ संस्थाले तपसिल बमोजिमका विवरण तथा कागजात सहितको प्रस्ताव सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र सम्बन्धित सामाजिक विकास डिभिजन कार्यालयमा पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।तोकिएको म्याद पछि प्राप्त हुने प्रस्ताव उपर कुनै कारबाही हुने छैन।

**तपसिल**

१. खेल संरचना निर्माण गर्ने निकाय/संस्थाको निर्णय सहितको आधिकारिक पत्र।
२. खेल संरचना निर्माण स्थलको जग्गाधनी प्रमाण पत्र वा भोगाधिकार रहेको कागजात।
३. गत विगत वर्षमा सरकारी रकम वा अन्य स्रोतको रकम प्रयोग गरी निर्माण कार्य प्रारम्भ भएको भए हालसम्म भएको बजेट खर्च र सम्पन्न कामको विस्तृत विवरण।
४. चालु आब २०८०।०८१ मा गरिने निर्माण कार्यको विस्तृत विवरण र सोको प्रमाणित लागत अनुमान।
५. खेल संरचना निर्माणका लागि यस निर्देशनालयबाट उपलब्ध गराइने रकममा पालिका वा संस्थाको समेत लगानी हुने भए सो को सुनिश्चितता सहितको पत्र।
६. कार्य प्रारम्भ गर्ने र सम्पन्न गर्ने समयसीमा सहितको स्पष्ट कार्ययोजना।
७. स्थानीय तहले चालु आ.व. २०८०।०८१ मा उक्त खेल संरचनाका लागि बजेट विनियोजन गरेको भए विनियोजन भएको बजेटको विवरण।
८. निर्माण गरिने खेल संरचनाको प्रमाणित लागत अनुमान, नक्शा, ड्रइङ डिजाइन र DPR निर्माण भएको भए सोको प्रतिलिपी।
९. संघ संस्थाले प्रस्तावना पेश गर्ने भए संस्था दर्ताको प्रतिलिपि र सम्बन्धित पालिकाको सिफारिस।
१०. संघ संस्थाले प्रस्तावना पेश गर्ने भए संस्थाको गत आ.व. २०७९/८० को करचुक्ता प्रमाणपत्र, नविकरण प्रमाणपत्र र आ.व. २०७९/८० को लेखा परीक्षण प्रतिवेदन।

( यम बहादुर के.सी. )
नि. निर्देशक